स्थानिय सरकार

# गुठिचौर गाउँपालिका
# गाउँकार्यपालिकाको कार्यालय
# धलमुडी, जुम्ला

कर्णाली प्रदेश

## २०७९ देखि २०८३ सम्म योजना धार्मिक स्थलको डकुमेन्टि तयार सम्बन्धि सूचना

<u>प्रथम पटक प्रकाशित मितिः२०८३।०२।२८</u>

गुठिचौर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय धलमुडी, जुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

श्री सरोकारवालाहरु

प्रस्तुत विषयमा यस गुठीचौर गाउँपालिका जुम्लाको आर्थिक वर्ष २०८२।०८३ को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार वडा न ४ को लागी **२०७९ देखि २०८३ सम्म योजना धार्मिक स्थलको डकुमेन्टि तयार** गर्न बिनियोजित भएको रु ४००००० (चार लाख रुपैया मात्र) बजेटको सिमा भित्र रहेर काम गर्न इच्छुक यस गुठिचौर गाउँपालिकामा सुचिकृत भएका फर्म/कम्पनी/सप्लायर्स/व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मितिले ७ दिन भित्र कार्यालय समयमा गुठिचौर गाउँपालिकाले तयार पारेको यसै साथ सँलग्न TOR मा रहेको BOQ को ढाचाँमा दररेट सहितको कोटेशन पेश गर्नु हुन सरोकारवालाहरूको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। यो सुचना सम्बन्धि काम गर्न मिल्ने इच्छुक फर्म/कम्पनी/सप्लायर्स/व्यवसायीहरुले माथी उल्लेखित समय भित्र गुठिचौर गाउँपालिकाको प्रशासन शाखामा खामबन्दि कोटेशन पेश गर्नुपर्ने छ। कोटेशन पेश गर्ने अन्तिम दिन बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्नुपर्ने छ।

२०८३।०२।२८

..............................

टेक बहादुर बुढथापा

(प्रमुख प्रशासकीय अधिकृत)

# २०७९ देखी २०८३ सम्म योजना धार्मिक स्थलको डकुमेण्टी तयारको लागि कार्यविवरण (TOR)

**१. पृष्ठभूमि**

गोठीचौर गाउँपालिका वडा नं. ४, जुम्ला जिल्लाको ऐतिहासिक, धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा विकासको दृष्टिले अत्यन्त महत्वपूर्ण वडा हो। कर्णाली प्रदेशको मनोरम भू-भागमा अवस्थित यस वडाले आफ्नो विशिष्ट पहिचान, सांस्कृतिक सम्पदा, धार्मिक आस्था तथा प्राकृतिक सौन्दर्यका कारण स्थानीय तथा बाह्य पर्यटकहरूको आकर्षण केन्द्रको रूपमा परिचित हुँदै आएको छ। यहाँ रहेका चिमारा मालिका लगायतका धार्मिक स्थल, मठ-मन्दिर, देवस्थल, ऐतिहासिक धरोहर तथा प्राकृतिक सम्पदाहरूले यस क्षेत्रको गौरव र पहिचानलाई थप उचाइ प्रदान गरेका छन्।

यस वडामा प्राचीनकालदेखि नै धार्मिक तथा सांस्कृतिक गतिविधिहरू सञ्चालन हुँदै आएका छन्। विभिन्न जातजाति, भाषा, संस्कृति र परम्पराको संगमस्थलको रूपमा रहेको यस क्षेत्रले स्थानीय मौलिक संस्कृतिको संरक्षण र प्रवर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। यहाँका धार्मिक स्थलहरू स्थानीय जनसमुदायको आस्था र विश्वासका केन्द्र मात्र नभई धार्मिक पर्यटन विकासका सम्भावनायुक्त सम्पदाका रूपमा पनि रहेका छन्।

यसैगरी, आर्थिक वर्ष २०७९/०८० देखि २०८२/०८३ सम्म वडा तथा गाउँपालिकाको पहलमा शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, खानेपानी, सिँचाइ, सडक पूर्वाधार, सामुदायिक भवन निर्माण, पर्यटन प्रवर्द्धन, विपद् व्यवस्थापन तथा सामाजिक विकासका विभिन्न योजनाहरू सफलतापूर्वक सञ्चालन भएका छन्। यी योजनाहरूले स्थानीय नागरिकको जीवनस्तर सुधार, आधारभूत सेवामा पहुँच विस्तार, उत्पादन वृद्धि तथा समग्र सामाजिक-आर्थिक विकासमा महत्वपूर्ण योगदान पुर्‍याएका छन्।

विगत केही वर्षमा सम्पन्न भएका विकास निर्माणका गतिविधि, धार्मिक तथा सांस्कृतिक सम्पदा, प्राकृतिक सौन्दर्य, स्थानीय जनजीवन तथा वडाको समग्र विकास यात्रालाई व्यवस्थित रूपमा अभिलेखीकरण गरी भावी पुस्तासम्म पुर्‍याउनु आवश्यक देखिएको छ। साथै यस्ता उपलब्धिहरूको प्रचार-प्रसारमार्फत वडाको पहिचान स्थापित गर्ने, पर्यटन प्रवर्द्धन गर्ने तथा विकासका सकारात्मक अभ्यासहरूलाई दस्तावेजीकरण गर्ने उद्देश्यले डकुमेन्ट्री निर्माण गर्न आवश्यक भएको हो।

यस डकुमेन्ट्रीमार्फत वडा नं. ४ मा रहेका धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा प्राकृतिक सम्पदाहरूको यथार्थ चित्रण गर्नुका साथै आर्थिक वर्ष २०७९ देखि २०८३ सम्म सम्पन्न भएका विकास निर्माणका योजनाहरू, तिनको प्रभाव तथा स्थानीय जनताको जीवनमा परेको सकारात्मक परिवर्तनलाई दृश्य-श्रव्य माध्यमबाट प्रस्तुत गरिनेछ। उक्त उद्देश्य हासिल गर्नका लागि यो कार्यविवरण (त्इच) तयार गरिएको हो।

## २. उद्देश्य

### मुख्य उद्देश्य

गोठीचौर गाउँपालिका वडा नं. ४ मा रहेका धार्मिक, सांस्कृतिक, प्राकृतिक तथा विकास निर्माणका गतिविधिहरू समेटिएको गुणस्तरीय डकुमेन्ट्री निर्माण गर्नु।

### विशिष्ट उद्देश्य

- चिमारा मालिका लगायतका धार्मिक स्थलहरूको प्रचार-प्रसार गर्नु।
- वडाभित्रका पर्यटन सम्भावनाहरू उजागर गर्नु।
- २०७९-२०८३ सम्म सम्पन्न विकास योजनाहरूको दस्तावेजीकरण गर्नु।
- स्थानीय इतिहास, संस्कृति र सामाजिक अवस्थाको संरक्षण गर्नु।
- विकासका उपलब्धिहरू जनसमुदायसमक्ष पुऱ्याउनु।

## ३. डकुमेन्ट्रीको विषयवस्तु

डकुमेन्ट्रीमा निम्न विषयहरू समावेश गरिनेछ

### क) परिचय

- गोठीचौर गाउँपालिकाको परिचय
- वडा नं. ४ को भौगोलिक, सामाजिक तथा सांस्कृतिक परिचय
- जनसंख्या, क्षेत्रफल तथा विशेषताहरू

### ख) धार्मिक तथा पर्यटकीय स्थल

- चिमारा मालिका
- स्थानीय मठ-मन्दिर
- धार्मिक परम्परा तथा संस्कार
- गोठीचौर क्षेत्रको पर्यटन सम्भावना
- प्राकृतिक सौन्दर्य तथा स्थानीय सम्पदा

### ग) विकास निर्माणका उपलब्धिहरू

- पूर्वाधार
- आरसीसी सडक
- नयाँ सडक विस्तार
- सामुदायिक भवन
- ज्येष्ठ नागरिक भवन

गोठीचौर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धलमुडी, जुम्ला
कर्णाली प्रदेश, नेपाल

- शिक्षा
- सत्यवादी माध्यमिक विद्यालय
- विद्यालय भवन निर्माण
- विज्ञान प्रयोगशाला
- विषयगत शिक्षक व्यवस्था
- एसईई परीक्षा केन्द्र सञ्चालन
- स्वास्थ्य
- गर्ज्याङ्कोट स्वास्थ्य चौकी स्तरोन्नति
- खानेपानी
- एक घर एक धारा कार्यक्रम
- कृषि तथा सिँचाइ
- सिँचाइ कुलो तथा नहर निर्माण
- स्याउ बगैंचा व्यवस्थापन कार्यक्रम
- सामाजिक विकास
- बालविवाह मुक्त वडा
- बालमैत्री वडा घोषणा
- सुनौलो हजार दिनका आमाहरूलाई पोषण कार्यक्रम

**घ) स्थानीय जनप्रतिनिधि तथा सरोकारवालासँग अन्तर्वार्ता**

- वडा अध्यक्ष
- ज्येष्ठ नागरिक
- शिक्षक
- कृषक
- महिला तथा युवाहरू

## ४. डकुमेन्ट्रीको अवधि

२० देखि ३० मिनेट

## ५. अपेक्षित कार्यहरू

- स्क्रिप्ट लेखन
- भिडियो छायांकन
- ड्रोन छायांकन
- अन्तर्वार्ता संकलन

प्रमुख प्रशासकीय अधिकृत

- भिडियो सम्पादन
- नेपाली भाषामा भ्वाइस ओभर
- संगीत तथा ग्राफिक्स समावेश
- अन्तिम डकुमेन्ट्री तयार

**६. कार्यसम्पादन अवधि**

सम्झौता भएको मितिले ~~२०~~ दिनभित्र

**७. अपेक्षित प्रतिफल**

Full 4K(120 frem) डकुमेन्ट्री (MP4 Format)

५ मिनेटको प्रचारात्मक भिडियो

१ मिनेटको सामाजिक सञ्जाल संस्करण

सम्पूर्ण कच्चा भिडियो सामग्री (Raw Footage)

| location | the scene | | |
|---|---|---|---|
| | Camera video | Camera photo | Drone |
| Tourist Places (Gothichowr Chimara Malika Dudhkundali Lake Chotra Model Settlement) | 6 short(4K) | 15 photo | 4 short(4K) |
| Religious Sites (Chimara Malika Various Monasteries and Religious Sites | 6 short(4K) | 15 photo | 4 short(4K) |

| | | | |
|---|---|---|---|
| Major villages and settlements under Ward No. 4<br>(Chaur Bigare<br>Bigare<br>Khallalwada<br>Bauligaun<br>Ukhadi<br>Dhawalpura<br>Pyakurewada<br>Dashaudi Village<br>Deurukh<br>Lisimata<br>Tallokhali<br>Serapakha<br>Thambada<br>Dalit Settlement | 8 short(4K) | 20 photo | 4 short(4K) |
| Main topics of infrastructure development<br>Roads and transportation<br>RCC road from Chhidi to Kalapada | 7 short(4K) | 15 photo | 4 short(4K) |

| | | | |
|---|---|---|---|
| RCC road from Khallalwada to Bauligaun<br>RCC road to Ukhadi Basti<br>RCC road to Pyakurewada<br>Jhajryol-Khalisada road expansion<br>Jhajryol-Chinyakhopdi road expansion<br>Upgradation of Balyapani-Bauligaun-Dhawalpura road<br>RCC road to Dalit Basti<br>Road connecting Pudnya Khola-Thambara<br>***Building construction***<br>***Senior citizen*** building<br>Dhawalpura community building<br>Satyawadi Secondary School buildings | | | |
| Education Sector<br>Satyawadi Secondary School | 4 short(4K) | 15 photo | 4 short(4K) |

| | | | |
|---|---|---|---|
| (Construction of School Building<br>Establishment of Science Laboratory<br>Arrangement of Subject Teachers<br>Operation of SEE Examination Center | | | |
| Health Sector<br>(Repair of Gajryangot Health Post<br>Distribution of nutritious food to mothers of golden thousand days | 8 short(4K) | 20 photo | 4 short(4K) |
| Drinking water<br>(One house, one tap in Pyakurewada<br>One house, one tap in Dashaudi village | 8 short(4K) | 20 photo | 4 short(4K) |
| Agriculture and Irrigation | 5 short(4K) | 15 photo | 4 short(4K) |

गुर्भाकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कर्णाली प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| (Deurukh-Kholisada Irrigation Canal<br>Tallokhali-Serapakha Irrigation Canal<br>Deurukh-Lisimata Irrigation Canal<br>Ukhadi-Dhawalmudi Irrigation Canal<br>Tanks and pipelines for apple orchard management | | | |
| Social and Human Development<br>Declaration of Child Marriage-Free Wards<br>Declaration of Local Child-Friendly Wards<br>Programs Targeting Senior Citizens<br>Disaster Management Preparation | 6 short(4K) | 15 photo | 4 short(4K) |

८. बजेट विवरण

क्र.सं. विवरण रकम (रु.)

| S.no | Particulars | Unit | Units needed | Rate in Rs. | Total Cost | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | **Pre Production Research** | | | | | |
| a | Desk Work & Archival Research | times | 1 | 10000 | 10,000 | |
| b | Story consultant /writer | times | 1 | 20000 | 20,000 | |
| | **Sub total Research-Pre Production** | | | | **30,000** | |
| 2 | **Production Cost** | | | | | |
| a | Full 4k camera | no | 1 | 30000 | 30,000 | |
| b | Cinematographer | no | 1 | 5000 | 5,000 | |
| c | Reflector (outdoor light) | lumsum | 2 | 3000 | 6,000 | |
| d | Zoom 6 mike | Lumsum | | | - | |
| e | Lightmans | no | 2 | 5000 | 10,000 | |
| f | drone | no | 1 | 50000 | 50,000 | |
| g | Camera Stand | no | 2 | 3000 | 6,000 | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| h | Mike Battery | lumsum | 15 | 50 | 750 | |
| i | Production Co-ordinator | times | 1 | 8000 | 8,000 | |
| j | Asst.Director | times | 1 | 10000 | 10,000 | |
| k | Asst.Cameraman | lumsum | 1 | 15000 | 15,000 | |
| l | Transportation | lumsum | 1 | 10000 | 10,000 | |
| | **Sub Total Production** | | | | **150,750** | |
| **3** | **Post Production** | | | | | |
| a | Editing set with editor | lumsum | 1 | 5000 | 5,000 | |
| b | Narrator | times | 1 | 15000 | 15,000 | |
| d | Miximng and Mastering | lumsum | 1 | 3000 | 3,000 | |
| e | Background Music | lumsum | 1 | 30000 | 30,000 | |
| f | Director | Lumsum | 1 | 40000 | 40,000 | |
| g | Project Cordinator | Lumsum | 1 | 30000 | 30,000 | |
| | **Sub Total Post Production** | | | | **123,000** | |
| **4** | **Out reach and Impact** | times | | | - | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| a | DVD Authoring / you tube channel | | | | - | |
| | **Subtotal Outreach** | | | | | |
| **5** | **Administrative Costs** | | | | | |
| a | loging and fooding | lumsum | 2 | 10000 | 20,000 | |
| d | Miscellaneous | lumsum | 1 | 5000 | 5,000 | |
| | **Subtotal Administration** | | | 15000 | **25,000** | |
| | **Total** | | | | **353,750** | |
| | 13% VAT | | | | **45,988** | |
| | **Grand Total** | | | | **399,738** | |

जम्मा

४,००,०००

**९. अनुगमन तथा मूल्याङ्कन**

डकुमेन्ट्री निर्माणको सम्पूर्ण प्रक्रिया वडा कार्यालय तथा गाउँपालिकाको प्राविधिक टोलीबाट अनुगमन गरिनेछ। अन्तिम उत्पादन स्वीकृत भएपछि मात्र भुक्तानी गरिनेछ।

**१० सेवा प्रदायक संस्था/फर्मको योग्यता तथा अनुभव**

गोठीचौर गाउँपालिका वडा नं. ४ का धार्मिक स्थल तथा आर्थिक वर्ष २०७९-२०८३ सम्म सम्पन्न विकास योजनासम्बन्धी डकुमेन्ट्री निर्माण कार्यका लागि छनोट हुने संस्था, फर्म, कम्पनी वा सञ्चार गृहले देहाय बमोजिमका न्यूनतम योग्यता तथा अनुभव पूरा गरेको हुनुपर्नेछ:

**क) संस्थागत योग्यता**

१. प्रचलित कानून बमोजिम दर्ता भएको सञ्चार संस्था, मिडिया हाउस, चलचित्र/भिडियो उत्पादन कम्पनी, विज्ञापन एजेन्सी, मल्टिमिडिया कम्पनी वा सम्बन्धित कार्य गर्ने फर्म हुनुपर्नेछ ।

२. स्थायी लेखा नम्बर (PAN) तथा आवश्यक भएमा मूल्य अभिवृद्धि कर (VAT) मा दर्ता भएको हुनुपर्नेछ ।

३. आर्थिक वर्ष २०८१/०८२ सम्मको कर चुक्ता प्रमाणपत्र तथा संस्थाको अद्यावधिक नवीकरण प्रमाणपत्र पेश गर्नुपर्नेछ।

**ख) कार्य अनुभव**

१. डकुमेन्ट्री, वृत्तचित्र, प्रचारात्मक भिडियो, विकास निर्माण, पर्यटन, धार्मिक तथा सांस्कृतिक विषयवस्तुमा आधारित कम्तीमा ५ वटा भिडियो वा डकुमेन्ट्री निर्माण गरेको अनुभव हुनुपर्नेछ ।

२. स्थानीय तह, सरकारी निकाय, विकास साझेदार संस्था, गैरसरकारी संस्था वा निजी क्षेत्रसँग भिडियो उत्पादन तथा डकुमेन्ट्री निर्माण सम्बन्धी कार्य गरेको अनुभवलाई विशेष प्राथमिकता दिइनेछ ।

३. विगतमा सम्पन्न कार्यको नमुना (Sample Link), सम्झौता पत्र, कार्य सम्पन्न प्रतिवेदन वा सिफारिस पत्र पेश गर्नुपर्नेछ ।

**ग) प्राविधिक जनशक्ति**

सेवा प्रदायकसँग कम्तीमा निम्न जनशक्ति उपलब्ध हुनुपर्नेछ:

१ जना डकुमेन्ट्री निर्देशक

१ जना स्क्रिप्ट लेखक तथा अनुसन्धानकर्ता

१ जना अनुभवी भिडियो सम्पादक

२ जना क्यामेरा पर्सन

१ जना ड्रोन अपरेटर (सम्बन्धित अनुमति प्राप्त)

१ जना भ्वाइस ओभर कलाकार

१ जना ग्राफिक्स तथा मोसन डिजाइनर

**घ) उपकरण तथा प्रविधि**

संस्थासँग निम्न उपकरण उपलब्ध हुनुपर्नेछ:

4K Video Camera

Professional 4K(120 frem)Drone Camera

Audio Recording Equipment

Lighting Equipment

Video Editing Workstation

**ङ) प्रस्तावमा समावेश गर्नुपर्ने विवरण**

संस्थाको प्रोफाइल

दर्ता तथा नवीकरण कागजात

कर चुक्ता प्रमाणपत्र

कार्ययोजना (Work Plan)

छायांकन तथा सम्पादन कार्यविधि

जनशक्ति विवरण (CV सहित)

विगतका कार्य नमुना

लागत प्रस्ताव

कार्य सम्पन्न गर्ने समय तालिका

**११. निष्कर्ष**

गोठीचौर गाउँपालिका वडा नं. ४ का धार्मिक, सांस्कृतिक, पर्यटकीय तथा विकास निर्माणका उपलब्धिहरूलाई दस्तावेजीकरण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रचार-प्रसार गर्न यो डकुमेन्ट्री महत्वपूर्ण माध्यम हुनेछ।

गोठीचौर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय घलकुडी, जुम्ला कर्णाली प्रदेश, नेपाल २०७३

प्रमुख प्रशासकीय अधिकृत

Guthichaur Rural Municipality
Office of Executive Municipality
Province Karnali
Dhawalmudi, Jumla.

# BILL OF QUANTITY

कार्यक्रम / आयोजनाको नामः २०७९ देखी २०८३ सम्म योजना धार्मिक स्थलको डकुमेण्टि तयार
ठेगाना :- गुठिचौर गाँउपालिका वडा न ४ जुम्ला

| Item No. | Description of Works | Unit | Quantity | Rate NRs. | | Total Amount NRs. | Remarks |
|---|---|---|---|---|---|---|---|
| | | | | In Figures | In Words | | |
| 1 | २०७९ देखी २०८३ सम्म योजना धार्मिक स्थलको डकुमेण्टि तयार | पटक | 1.00 | | | | |
| | | | | | | | |
| In words: | | | | | | | |
| | | | | | GRAND TOTAL | | |

Firm Name :-

Address :-

Stamp :-

Sign :-

Date :-